लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९/११/१६

प्रथम : द्वितीय

पूर्णाङ्क : १००

समय : ४ घण्टा

विषय : Economics

प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

## खण्ड "क"

५० अङ्क

१. लागत फलनको परिचय दिनुहोस् । लामो अवधिमा विभिन्न परिमाण उत्पादन गर्ने फर्मको दीर्घकालीन औषत लागत रेखा, दीर्घकालीन सिमान्त लागत रेखा तयार गरी व्याख्या गरी व्याख्या गर्नुहोस् । साथै, यिनीहरु बीचको अल्पकालीन र दीर्घकालीन अवस्थाको सम्बन्धलाई उदाहरणसहित विश्लेषण गर्नुहोस् । २+४+४=१०

(Define the concept of cost function. Derive the Long run average cost (LAC) and Long run marginal cost curve (LMC) with different scale of plant of a firm that can produce in long run. Also analyze the relationship between short run and long run condition with appropriate examples.)

२. श्रमको सिमान्त उत्पादकत्व भन्नाले के बुझिन्छ ? उदाहरणसहित व्याख्या गर्नुहोस् । नेपालको कृषि क्षेत्रमा श्रम शक्तिको स्थानान्तरणले के कस्तो प्रभाव पारेको छ ? समीक्षा गनूहोस् । ५+५=१०

(What is meant by marginal productivity of labour ? illustrate with example. What is the effect of labour migration in the agriculture sector of Nepal ? Criticize.)

३. विकासोन्मुख अर्थतन्त्रलाई तपाई कसरी व्याख्या गर्नुहुन्छ ? आर्थिक वृद्धि र आर्थिक विकासका बीचमा के भिन्नता छ ? आर्थिक विकासको सन्दर्भमा नेपालका अल्पकालीन र दीर्घकालीन समस्याहरु के के हुन् ? यी समस्याहरु कसरी समाधान गर्न सकिन्छ ? उदाहरणसहित विश्लेषण गर्नुहोस् । २+२+३+३=१०

(How do you define the developing economy ? What are the differences between economic growth and economic development ? What are the short-term and long-term problems of economic development of Nepal ? How can we solve these problems ? Analyze with examples.

४. गरिबी र असमानतालाई कसरी परिभाषित गर्नुहुन्छ ? नेपालमा गरिबी र असमानतालई के कसरी मापन गर्ने गरिन्छ ? उपयुक्त उदाहरणसहित विस्तृत रुपमा व्याख्या गर्नुहोस् । ३+७=१०

(How do you define povery and inequality ? How are provery and inequality measured in Nepal ? Explain systematically with appropriate examples.)

५. पन्ध्रौं आवधिक योजनामा प्रस्तावित सार्वजनिक वित्तको संरचना र खाका प्रस्तुत गर्नुहोस् । नेपालको अर्थतन्त्रमा केही वर्षयता देखिएका आर्थिक उतारचढाव तथा सम्भावित ऋणको दुष्चक्रको जालोमा पर्नसक्ने अवस्थालाई सम्बोधन गर्न लिनुपर्ने उपयुक्त नीतिगत, संरचनागत तथा प्रक्रियागत सुझाव प्रस्तुत गर्नुहोस् । साथै नेपालका समष्टिगत आर्थिक परिसूचकहरुलाई दक्षिण एशियाका उपयुक्त अर्थतन्त्रसँग तुलनासमेत गर्नुहोस् । २+५+३=१०

(Present the sproposed structure and composition of the public finance in 15th periodic Plan. Also recommend the appropriate policies, strucutres, tools/ procedures to overcome from the recent economic fluctuation and possible debt trap situation in Nepal. Also compare Nepal's macroeconomic indicators with the appropriate south Asian economics.)

## खण्ड "क"

५० अङ्क

६. कूल गार्हस्थ उत्पादनको गणना गर्ने विभिन्न विधिहरु उल्लेख गर्नुहोस् । नेपालमा सन् २०१९/२० देखि कूल गार्हस्थ उत्पादनको गणना गर्ने आधार परिमार्जन गरिएको छ । कूल गार्हस्थ उत्पादनको गणना आधार परिवर्तनको आवश्यकता, औचित्य एवम् नियमितताको बारेमा जानकारी गराउँदै यसबाट प्राप्त हुने फाइदाको सम्बन्धमा आफ्नो धारणा राख्नुहोस् । ४+६=१०

CamScanner

(Describe the various methods of calculating Gross Domestic Product. In Nepal, the basis of calculation of GDP has been revised since 2019/20 AD. Mention the need, rationality and regularity of rebasing for calculationg GDP. Give your opinin regarding the benefit of rebasing.)

७. सम्पष्टिगत आर्थिक नीति भन्नाले के बुझ्नुहुन्छ ? आर्थिक स्थायित्वसहितको उच्च आर्थिक वृद्धिका लागि कस्ता प्रकारका समष्टिगत आर्थिक नीतिहरु अवलम्बन गर्नुपर्ला ? उल्लख गर्नुहोस् । ४+६=१०

(What do you understand by macroeconomic policy ? What kids of macroeconomic policies have to be adopted for achieving high economic growth with stability ? Mentation.)

८. अर्थतन्त्रको वृद्धि र सवलताका लागि नियन्त्रित मूल्यवृद्धि जरुरी मानिन्छ । सिमित र अधिक दुवै प्रकारका मूल्यवृद्धिले निजी क्षेत्रको लगानी विकर्षित हुन्छ । तर, हालको दिनमा विश्वव्यापीरुपमा मूलयवृद्धिको दवाव सृजना भएको छ । युरोप तथा एशियाका अधिकांश देशहरुमा मूल्यवृद्धिका कारण उपभोग र लगानीका संरचना प्रभावित भएका छन् । फलतः विश्व अर्थतन्त्रमा मन्दीको संकेत देखापर्दै गएको छ । नेपालको अर्थतन्त्रले पनि मूल्यबृद्धिको चाप सामना गरिरहेको छ । उपर्युक्त सन्दर्भमा सैद्धान्तिक र व्यवहारिक दृष्टिकोणबाट मूल्यवृद्धिलाई वाञ्छित सीमाभित्र राख्न अवलम्बन गर्नुपर्ने उपाय र ती उपायका कारण अर्थतन्त्रका विभिन्न पक्षमा पर्ने प्रभावको सम्बन्धमा आफ्नो धारणा उल्लेख गर्नुहोस् । ६+४=१०

(There is a need of limited inflation for the growth and strength of the economy. Both limited and excessive inflation discourage the prvate investment. But, now a days, the strees of inflation is being encountered globally. The structure of consumption and investment has been affected due to the increase in prices in the most of the countries of Europe and Asia. As a result, the sign of recession has been seen in the global economy. Nepali economy is also facing the stress of price increment. In the above context, mention the measures to be taken in the prospective of theoretical and practical aspects to maintain the price increment within desired limit. Also state your opinion on the effects of various aspects of economy due to those measures.)

९. मुद्राको स्थायी विनिमय दर भनेको के हो ? नेपाली अर्थतन्त्रको सापेक्षमा नेपाली रुपैयाँ र भारतीय रुपैयाँबीचको स्थायी विनिमय दरको फाइदा र बेफाइदाको मूल्याङ्कन गर्नुहोस् । ४+६=१०

(What is currency pegging or exchange rate pegging ? Evaluate the advantages and disadvantages of pegging of Nepali rupee with Indian rupee vis-a-vis Nepali economy.)

१०. प्रत्यक्ष वैदेशिक लगानीको महत्व र नेपालमा यस्तो लगानी बढाउन भएका प्रयासहरुको विश्लेषण गर्नुहोस् । के-कस्ता थप उपायबाट यस्तो लगानी आप्रवाह बढाउन सकिएला रु सुझाव दिनुहोस् । ७+३=१०

(Write the importance of foreign direct investment and analyze the efforts made so far in promoting such. Investment in Nepal, What additional measures have to be taken to further increase such investment ? Suggest.)

CamScanner

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९/११/१७

प्रथम : तृतीय

समय : ४ घण्टा

पूर्णाङ्क : १००

विषय : **Management**

*प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

## खण्ड "क"

५० अङ्क

१. "व्यवस्थापकीय सीप, संस्थाको व्यवस्थापनमा अपरिहार्य तत्व हो ।" प्रस्तुत भनाइलाई पुष्ट्याइँ गर्नुहोस् । किन मानवीय सीप अरु व्यवस्थापकीय सीपभन्दा महत्वपूर्ण हुन्छ ? व्याख्या गर्नुहोस् । ५+५=१०

("Managerial skills in an organization are an essential component of management." Elaborate the statment. Why human skills are more important than any other managerial skills ? Explain.)

२. कुनै पनि संगठनमा अधिकारको विकेन्द्रीकरण किन आवश्यक हुन्छ ? विकेन्द्रीकरणका फाइदा र बेफाइदाहरु उल्लेख गर्दै बैंक तथा वित्तीय संस्थाहरुमा अधिकार विकेन्द्रीकरण र जवाफदेहीको अन्तरसम्बन्ध प्रकाश पार्नुहोस् । ३+४+३=१०

(Why decentaralization of power is necessary in any organization ? Discuss advantages and disadvantages of decentralization and highlight the interrelationships between decentralization and accountability in BFIs.)

३. नेपाली संगठनमा देखिएका अनुगमन तथा मूल्यांकनका अभ्यासहरुबारे चर्चा गर्दै अनुगमन तथा मूल्यांकनबीच रहेका भिन्नता औंल्याउनुहोस् । ५+५=१०

(Ekavirate the different practices of supervision and Monitoring in Nepali organizations. Also, differentiate between Supervision and Monitoring.)

४. के कति कारणले कर्मचारी उत्प्रेरणा कर्मचारी सशक्तिकरण भन्दा पृथक छ ? वित्तीय संस्थाहरुको वर्गीकरणका आधारमा संस्थागत नागरिक व्यवहार अभिवृद्धि गर्न सहयोगी सिद्ध हुने कर्मचारी उत्प्रेरणा र सशक्तीकरणका लागि उपयुक्त उपकरण, प्रविधि तथा सिद्धान्तहरुबारे सुझाव दिनुहोस् । ३+७=१०

(In what ways does employee motivation differ from employee empowerment ? On the basis of the categorization of financial institutions, recommend different tools, techniques and theories for motivation and empowerment of employees that is helpful to enhance organizational citizenship behavior.)

५. नेपालका सार्वजनिक निकायहरुमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनका लागि अवलम्बन गरिएका विधिहरुका विषयमा चर्चा गर्दै कार्यसम्पादन मूल्याङ्कनमा ३६०° को मूल्याङ्कन विधि भन्नाले कस्तो मूल्याङ्कन प्रणालीलाई बुझिन्छ ? उदाहरणसहित व्याख्या गर्नुहोस् । ६+४=१०

(Discuss the adopted methods of performance evaluation system as applied in working personnel of public organizations of Nepal ? What is meant by $360^0$ performance evaluation system ? Elaborate with examples.)

## खण्ड "ख"

५० अङ्क

६. पूँजीगत बजेट भनेको के हो ? पूँजीगत बजेटको तयारी गर्दा प्रयोग गरिने औजारहरु कुन कुन हुन् ? खुद वर्तमान मूल्य निर्धारण गर्ने तरिकाको उदाहरण प्रस्तुत गर्नुहोस् । ३+४+३=१०

(What is capital budgeting ? What tools are used during the preparation of the capital budget ? Give an example of the calculation of Net Present Value (NPV).)

CamScanner

७. सम्पत्तिको बजारमा सिर्जना हुने उभारका कारण विगतमा ठूला वित्तीय संकटहरु भएको देखिएको छ । यस्तो उभारका सम्बन्धमा तीन किसिमका परिकल्पना छन् : सक्षम बजार परिकल्पना, विवेकी उभार परिकल्पना र अविवेकी उभार परिकल्पना । यी तीन परिकल्पनाबारे संक्षेपमा प्रकाश पार्नुहोस् । १०

(Assets market bubbles have been the reson for major financial crisis in the past. There are three major hypotheses for such bubbles: Efficient Market Hypothesis, Rational Bubble Hypothesis and Irrational Bubble Hypothesis. Briefly explain these hypotheses.)

८. नेपाल राष्ट्र बैंक ऐन, २०५८ लागू गरिनुको मुख्य उद्देश्य के थियो ? यो ऐन नेपालको केन्द्रीय बैंकहरुको स्वतन्त्रतालाई व्यवहारमा नै लागू गराउन कति सफल भएको छ ? प्रकाश पार्नुहोस् । ५+५=१०

(What was the main rationale of enacting the Nepal Rasra Bank Act, 2058 ? How successful has this Act practically been to ensure the central bank independence in Nepal ? Elucidate.)

९. वित्तीय विश्लेषण बिना गरिएको वित्तीय निर्णय प्रभावकारी हुँदैन भनिन्छ । वित्तीय निर्णय गर्दा निश्चितता र अनिश्चितताहरुको आँकलन र विश्लेषण कसरी गरिन्छ ? चर्चा गर्नुहोस् । ५+५=१०

(Financial decision without financial analysis is said to be ineffective. How are the certainties and uncertainties calculated and analyzed during financial decision ? Discuss.)

१०. लागत केन्द्र र मुनाफा केन्द्र भन्नाले के बुझिन्छ ? एउटा वित्तीय संस्थाले यस्ता केन्द्रहरुको सञ्चालन र व्यवस्थापनमा ध्यान दिनुपर्ने विषयहरुको बारेमा लेख्नुहोस् । ४+६=१०

(What is understood by cost center and profit center ? Enumerate matters that a financial institution should consider during operating and managing such centers.)

CamScanner

लोक सेवा आयोग

नेपाल राष्ट्र बैंक, प्रशासन, अधिकृत, तृतीय, सहायक निर्देशक पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०७९/०२/०७

**KEY [A]**

**प्रथम चरण : पूर्व योग्यता परीक्षा**

**समय : १ घण्टा ३० मिनेट** **पूर्णाङ्क : १००**

**विषय : आर्थिक तथा व्यवस्थापकीय अभिरुचि परीक्षण**

*उत्तरपुस्तिकामा प्रश्नपत्रको KEY अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ । उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा Calculator, Mobile प्रयोग गर्न पाइने छैन ।*

## बस्तुगत बहुउत्तर

१००×१ = १०० अङ्क

१. **देहायका मध्ये कुन राष्ट्रिय गौरवको आयोजना होइन ? (Which of the following is not the National pride project ?)**

A. माथिल्लो तामाकोशी जलविद्युत् आयोजना
B. कालीगण्डकी करिडोर
C. हुलाकी मार्ग
D. माथिल्लो अरुण जलविद्युत् आयोजना

२. **देहायकामध्ये कुन व्यापारिक फर्ममा शेयर धनीको सिमीत दायित्व रहन्छ ? (In which form of the business owner does have limited liability ?)**

A. एकल स्वामित्व
B. साझेदारी स्वामित्व
C. संयुक्त शेयर स्वामित्व
D. माथिका कुनै पनि होइनन्

३. **कववेब सिद्धान्तको प्रमुख मान्यता तलकमध्ये कुन हो ? (Which of the following is the main assumpton of Cobweb Theory ?)**

A. आपुर्ति एक वर्षअघिको मुल्यमा आधारित मुल्यमा आधारित हुन्छ
B. माग एक वर्षअघिको मुल्यमा आधारित हुन्छ
C. माग र आपुर्ति दुवै एक वर्षअघिको मुल्यमा आधारित हुन्छन्
D. माग र आपुर्ति दुवं वर्तमान मुल्यमा आधारित हुन्छन्

४. **उत्पादकले उत्पादन बढाउँदै जाँदा तलको कुन चाहिँ लागत घट्दै जान्छ ? (Which of the following costs decreases as producer increases output of a firm ?)**

A. औषत सिमान्त लागत (Average Marginal Cost)
B. औषत चालु लागत (Average Variable cost)
C. कुल औषत लागत (Average Total Cost)
D. औषत स्थिर लागत (Average Fixed Cost)

५. **"Small is Beautiful" भन्ने पुस्तकका लेखक को हुन् ? (Who is the author of "Small is Beautiful" ?)**

A. Paul A. Samuelson
B. Friedrich Hayek
C. William J. Baumol
D. E.F. Schumacher

६. **वित्तिय संघीयता अन्तर्गत केन्द्रले तलका सरकारलाई Matching grants दिँदा तलकमध्ये कुन असर देखिन्छ ? (Which of the following effects is reflected while providing "Matching grants" to subnantional governments under fiscal federalism ?)**

A. प्रतिस्थापन असर
B. आय असर
C. A र B दुवै
D. केहि पनि असर देखिदैन

१६. **आर्थिक चक्रका चरणहरुको क्रमबद्ध छनौट गर्नुहोस् । (Select the orderly stages of economic cycle ?)**

A. विस्तार, उचाई, खाडल, मन्दी, अवसाद र पुनरुत्थान
B. मन्दी, उचाई, अवसाद, खाडल, पुनरुत्थान र विस्तार
C. अवसाद, खाडल, पुनरुत्थान, मन्दी, उचाई र विस्तार
D. विस्तार, उचाई, मन्दि, अवसाद, खाडल र पुनरुत्थान

CamScanner

१७. अन्तर्राष्ट्रिय व्यापारको हेक्स्चर – ओहलिन सिद्धान्तअनुसार पुँजीको पर्याप्तता हुने देशले (As defined in Heckscher-ohlin Theory of international trade, capital abundant countries ....?)
A. पुँजीप्रधान वस्तुको आयात र श्रमप्रधान वस्तुको निर्यात गर्दछ
B. पुँजीप्रधान वस्तुको निर्यात र श्रमप्रधान वस्तुको आयात गर्दछ
C. दुवै खाले वस्तुको निर्यात गर्दछ
D. माथिका कुनै पनि होइनन्

१८. पूर्ण प्रतिस्पर्धात्मक बजारमा मुल्य निर्धारण के को आधारमा हुन्छ ? (In a perfect competitive market, on what basis is the market price determined ?)
A. उत्पादनको मात्रा र बजारको आकार
B. प्रतिस्पर्धी फर्मको सङ्ख्या
C. उपभोक्ताको माग र बजारको आपूर्ति
D. सरकारको हस्तक्षेप

१९. औद्योगिक निति, २०६७ ले उल्लेख गरे अनुसार सरकारी, निजी तथा सहकारी क्षेत्रसमेतको सहभागितामा स्थापना हुने कोष तलकामध्ये कुन होइन ? (As mentioned in the industrial policy, 2011 which of the following fund is not jointly constituted in participation of public, private and cooperative sectors ?)
A. लगानी प्रवर्द्धन कोष
B. प्रविधि विकास कोष
C. रुग्ण उद्योग व्यवस्थापन कोष
D. युवा स्वरोजगार कोष

२०. स्वदेशी उद्योगको संरक्षणका लागि अवलम्बन गरिने व्यापार नीति उपकरण कुन कुन हुन् ? (Which of the following trade policy instruments are employed to protect the domestic industries ?)
क. Anti-dumping duty
ख. Customs duty
ग. Countervailing duty
घ. Internal excise duty

A. क र घ
B. क, ख र ग
C. घ
D. माथिका सबै

२१. नेपाली मुद्राको विनिमय दर भारतीय मुद्रासँग पछिल्लोपटक कहिलेदेखि स्थिर रहिआएको छ ? (Since when has the exchange rate of Nepali currency been pegged with Indian currency for the last time ?)
A. सन् १९८३
B. सन् १९९०
C. सन् १९९३
D. सन् २०००

२२. आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार आ.व. २०७६/७७ मा नेपालको कुल ऋण सेवा भुक्तानी (ऋणको साँवा र व्याज भुक्तानी) का लागु कूल गार्हस्थ उत्पादनको कति प्रतिशत रकम छुट्याउनु परेको थियो ?
A. १.२
B. २.१
C. ०.२१
D. ०.१२

३०. तलकामध्ये कुन ओकुनको नियमसँग सम्बन्धित छ ? (Which of the following is related to 'Okun's law' ?)
A. मुद्रा प्रदाय वृद्धि
B. उत्पादन वृद्धि र बेरोजगार
C. व्यापार वृद्धि
D. माथिका कुनै पनि होइनन्

३१. केन्द्रीय बैंकको लागि खुला बजार कारोबार सञ्चालकको साधन निम्नमध्ये कुन होइन ? (Which of the following is not an instrument of open market operations for the central bank ?)
A. Interbank transactons
B. Repo
C. Reserve repo
D. Outright sale and purchase

३२. नेपाल राष्ट्र बैंकले तरलता प्रशोचनका लागि प्रयोग गर्ने उपकरण तलकामध्ये कुन होइन ? (Which of the following i s not an instrument used by Nepal Rastra Bank for liquidity ?)
A. Reverse repo
B. Repo
C. Direct sale
D. Interest Suspense

३३. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग .............. अन्तर्गत पर्दछ ? (Department of money Laundering investigation belongs to ..........)
A. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
B. अर्थमन्त्रालय
C. नेपाल राष्ट्र बैंक
D. नेपाल प्रहरी

३४. बैंक तथा वित्तिय संस्थाहरुको व्यालेन्स सिटमा निम्नमध्ये कुन चाहिँ विषय सम्पत्तिअन्तर्गत पर्दछ ? (Which one of the following falls under the assets in the balance sheet of bank anf financial institutions ?)
A. Cash in Transit
B. Sundry Creditors
C. Loan Loss provision
D. Interest Suspense

३५. नेपालका वाणिज्य बैंकहरुले आफ्नो कुल कर्जा सापटीको कति प्रतिशत रकम विपन्न वर्गमा कर्जा प्रवाह गर्नुपर्दछ ? (What percent of their loan amount should commercial banks invest in the deprived sector ?)
A. ४
B. ५
C. ७.५
D. १०

CS CamScanner

३६. **नेपाल राष्ट्र बैंकले कहिलेदेखि वार्षिक रुपमा मौद्रिक निति सार्वजनिक गर्न शुरु गरेको हो ? (Since when has Nepal Rastra bank started issuing the monetray policy annually ?)**

A. वि.स. २०५९ B. वि.स. २०६१ C. वि.स. २०६३ D. वि.स. २०६४

३७. **निम्नमध्ये कुन चाहिँ शब्दावली बैंकिङ्ग कारोबारसँग सम्बन्धित छैन ? (Which of the following is not included in non-banking assets ?)**

A. LIBOR B. UCPDC C. SWIFT D. ICAO

३८. **गैर बैंकिङ्ग सम्पत्तिअन्तर्गत तलकामध्ये कुन चाहि समावेश हुँदैन ? (Which of the following is not included in non-banking assets ?)**

A. बैंकले ऋण असुलीका लागि सम्पत्तिहरु प्राप्त गर्दा
B. ऋणीले ऋण तिर्न असमर्थ भएको अवस्था
C. बैंकलाई ऋण तिर्न ऋणीले सम्पत्ति प्रस्तुत गर्दा
D. ऋणीले बैंकमा नयाँ कर्जाको लागि आवेदन गर्दा

३९. **तलकामध्ये कुन रिपोको सम्बन्धमा सही छैन ? (Which of the following is not true in the case of repo ?)**

A. केन्द्रिय बैंकले व्याजदर लगाउँछ
B. धितोहरु तोकिएको मितिमा पुनः खरिद गरिन्छ
C. निक्षेप कोषमा व्याज आर्जन हुन्छ
D. केन्द्रिय बैंकलाई तरलता, मुद्रा आपुर्ति र मुद्रास्फिति स्तर नियन्त्रण गर्न सघाउँछ

४०. **नेपाल राष्ट्र बैंकको स्थापना कुन ऐनअन्तर्गत भएको हो ? (Under which Act was Nepal Rastra Bank established ?)**

A. नेपाल राष्ट्र बैंक ऐन, २०१३
B. नेपाल राष्ट्र बैंक ऐन, २०१४
C. नेपाल राष्ट्र बैंक ऐन, २०१७
D. केन्द्रीय बैंक ऐन, २०१३

४१. **Call price र Face Value बीचको फरकलाई के भनिन्छ ? (What is the term to denote the difference between call price and Face Value ?)**

A. Call Rate B. Bond indenture C. Call premium D. Sinking fund

४२. **बैंकदर वृद्धि हुँदा साख ......... हुन्छ ? (A rise in the bank Rate makes the credit .......... ?)**

A. तटस्थ
B. महँगो
C. सस्तो
D. माथिका कुनै पनि होइनन् ।

४३. **नेपाल राष्ट्र बैंकले CRR बढाउँदा के हुन्छ ? (What happens when Nepal Rastra Bank increases the CRR ?)**

A. मुद्रा आपूर्ति घट्दछ
B. बैक तरलता घट्दछ
C. मुद्रा आपूर्ति बढ्दछ
D. मुद्रास्फिति बढ्दछ

४४. **नेपाल राष्ट्र बैंकका गभर्नरको कार्यकाल कति वर्षको हुन्छ ? (Who is the tenure of the Governor of Nepal Rastra Bank ?)**

A. २ वर्ष B. ३ वर्ष C. ४ वर्ष D. ५ वर्ष

४५. **वैदेशिक ऋण लिने अधिकार कसलाई छ ? (Who has right to receive foreign debt?)**

A. नेपाल राष्ट्र बैंक B. नेपाल सरकार C. स्थानिय तह D. माथिका सबै

४६. **कूल खर्च विधिबाट उपभोक्ताको मूल्य सूचक निकाल्ने सुत्र कुन हो ? (Which is the formula to device consumer's price index from aggregate expenditure method ?)**

A. $CPI = \frac{\sum P_1}{\sum P_0} \times 100$

B. $CPI = \sqrt{\frac{\sum P_1 q_0}{\sum P_0 q_0} \times \frac{\sum P_1 q_1}{\sum P_0 q_2}} \times 100$

C. $CPI = \frac{\sum P_1 q_0}{\sum P_0 q_0} \times 100$

D. $CPI = \sqrt{\frac{\sum P_1 q_0}{\sum P_0 q_1} \times} \times 100$

४७. **पूँजी खातामा मुख्यत कुन कुन विषय लेखाङ्कन हुन्छ ? (Which are the components of capital account ?)**

A. प्रत्यक्ष वैदेशिक लगानी, सरकारी ऋण
B. विकास खर्च भएको रकम
C. व्यापारिक वस्तु तथा सेवाको रकम
D. माथिका सबै

४८. **वैदेशिक व्यापारका सन्दर्भमा सि आई. एफ भन्नाले के बुझिन्छ ? (What do yu understand by "CIF" in context of foreign trade ?)**

A. Cash, incentive and fair
B. Cost, insurance and freigh
C. Consumption, investment and free trade
D. None of the above

CamScanner

४९. विगत ५ वर्षको तथ्याङ्क गर्दा नेपालको वैदेशिक व्यापारतर्फः (Based on the analysis of past 5 years statistics, Nepalese foreign trade shows:)

A. आयात भन्दा निर्यात बढि छ
B. निर्यात भन्दा आयात बढि छ
C. आयात निर्यात बराबर देखिन्छ
D. माथिका कुनै पनि होइन

५०. सिमान्त उपभोग प्रवृत्ति र गुणकबिचको सम्बन्धलाई कसरी देखाइन्छ ? (How is the relation between marginal propensity to consume (MPC) and multiplier displayed ?)

A. $K = \frac{1}{MPC}$
B. $K = \frac{1}{1-MPC}$
C. $K = 1 - \frac{1}{MPC}$
D. $K = MPC - 1$

५१. वैदेशिक सहायतमा कुन पर्दैन ? (Which one is not foreign aid?)

A. द्विपक्षीय अनुदान
B. बहुपक्षीय ऋण
C. बहुपक्षीय अनुदान
D. अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्थाले परिचालन गर्ने ऋण

५२. नेपालमा हालसम्म कति वटा पञ्चवर्षिय र कतिवटा त्रिवर्षीय योजना कार्यान्वयनमा आइसकेका छन् ? (How many five year and three year plans have been implemented upto now in Nepal?)

A. ९ वटा पञ्चवर्षीय र ५ वटा त्रिवर्षीय
B. ३ वटा पञ्चवर्षीय र ३ वटा त्रिवर्षीय
C. ७ वटा पञ्चवर्षीय र ८ वटा त्रिवर्षीय
D. १० वटा पञ्चवर्षीय र ५ वटा त्रिवर्षीय

५३. दिर्घकालमा उद्योगको सन्तुलन हुँदाको अवस्था तलकामध्ये कुन हो ? (Which one is the situation of long run equilibrium of the industry ?)

A. LMC=SMC=P=LAC=SAC=MR
B. LMC = P = LAC = MR
C. LAC = SMC = P = TC = MR
D. LMC = LAC = P = MR

५४. तलकामध्ये केन्द्रिय बैंकले कुन काम गर्दैन ? (Which of the following functions in not performed by Central Bank ?)

A. नोट निष्कासन
B. सरकारको बैंकको रुपमा काम गर्ने
C. अन्तिम ऋणदाताको रुपमा काम गर्न
D. सर्वसाधारणको मुद्दती निक्षेप राख्ने

५५. तलकामध्ये उपभोगमा आधारित अप्रत्यक्ष कर कुन हो ? (Which one of the following is consumption based in direct tax ?)

A. आयकर
B. घरबहाल कर
C. पूँजीगत लाभ कर
D. मूल्य अभिवृद्धि कर

५६. नेपाल राष्ट्र बैंकको स्थापना कहिले भयो ? (When was Nepal Rastra Bank established ?)

A. वि.स. २०१३ वैशाख ११
B. वि.स. २०१३ वैशाख १३
C. वि.स. २०१३ वैशाख १४
D. वि.स. २०१३ वैशाख १६

५७. अर्थतन्त्रमा प्रवाह भएको समग्र मुद्रा तथा साखको बारेमा पूर्णरुपमा उत्तरदायी हुने सरकारी निकाय भन्नाले (The supplied in the economy is :)

A. मुद्रा कोष
B. बैंक सेटलमेन्ट
C. वाणिज्य बैंक
D. केन्द्रीय बैंक

५८. बैंक तथा वित्तिय संस्थाको सञ्चालकको संख्या कम्तिमा र बढिमा कतिजना हुनुपर्ने व्यवस्था छ ? (What is the minimum and maximum number of directors provisioned for bank and financial institution ?)

A. कम्तिमा ५ जना र बढिमा ७ जना
B. कम्तिमा ३ जना र बढिमा ७ जना
C. कम्तिमा ५ जना र बढिमा ९ जना
D. कम्तिमा ५ जना र बढिमा आवश्यकता अनुसार

५९. नेपालमा कहिलेबाट धितोपत्रको अभौतिकीकरण कारोबार शुरु भएको हो ? (Since when has dematerialized transaction of stocks started in Nepal ?)

A. सन् २०१४
B. सन् २०१५
C. सन् २०१६
D. सन् २०१७

६०. फर्वाड सम्झौतामा व्याजदर ग्यारेण्टीको मुख्य लाभ ....... हुन्छ ? (The main advantage of an interest rate guarantee over a forward agreement is .........)

A. यसले कम्पनिलाई व्याजदरमा अनुकूल परिवर्तनबाट फाइदा लिन अनुमति दिन्छ ।
B. यो सस्तो हुन्छ ।
C. यो व्यवस्था गर्न सजिलो छ ।
D. यसले व्याजदर निश्चित गर्छ ।

CamScanner

६१. नेपालको पहिलो वाणिज्य बैंक कुन हो ? (Which is the first commercial bank of Nepal?)

A. नेपाल राष्ट्र बैंक
B. नेपाल बैंक लिमिटेड
C. राष्ट्रिय वाणिज्य बैंक
D. कृषि विकास बैंक

६२. नेपाल राष्ट्र बैंकका अनुसार नेपालमा वाणिज्य बैंकका लागि न्यूनतम चुक्ता पुँजीको आवश्यकता कति हो ? (What is the minimum paid up capital requirement for commercial bank in Nepal as per Nepal Rastra Bank ?)

A. रु २५ वर्ष
B. रु ४ वर्ष
C. रु ८ वर्ष
D. रु १० वर्ष

६३. लेटर अफ क्रेडिटमा तलको कुन डकुमेन्ट पर्दैन ? (The letter of credit includes all of the following documents except ?)

A. Commercial invoice
B. Transport Document
C. A certificate of Origin
D. A certificate of investment

६४. 'क' वर्गको बैंकको अनिवार्य तरलता अनुपात कति हुन्छ ? (What is the statutory liquidity ratio for 'A' class bank ?)

A. ८ प्रतिशत
B. १० प्रतिशत
C. १२ प्रतिशत
D. १४ प्रतिशत

६५. ब्याजका सिद्धान्तहरु मध्ये तलको कुन चाहिँ होइन ? (Which of the following does not belong to interest theory ?)

A. Productivity Theory of interest
B. Theory of Austin School
C. Theory of Liquidity
D. Theory of Marginal Productivity

६६. आ.व. २०७७/७८ को मौद्रिक नीतिले मुद्रास्फूर्ति दर ...... प्रतिशतमा सिमिति राख्ने लक्ष्य राखेको थियो ? (The monetary policy of the fiscal year 2077/78 aimed to limit the inflation rate to ............)

A. ७५ प्रतिशत
B. ७ प्रतिशत
C. ८ प्रतिशत
D. ८५ प्रतिशत

६७. कोभिड – १९ संक्रमणका कारण बैंकहरुको कर्जा स्रोत परिचालन अनुपात (CCD Ratio) को सिमा २०७८ असार मसान्तसम्मको लागि अधिकतम कति कायम गरिएको छ ?

A. ७५ प्रतिशत
B. ८० प्रतिशत
C. ८५ प्रतिशत
D. ९० प्रतिशत

६८. साधारण जगेडा कोषमा चुक्ता पूँजीको दोब्बर नभएसम्म प्रत्येक आ.व.को खुद नाफाबाट कम्तीमा......... प्रतिशत रकम सर्दै जानुपर्छ । (Addition of .... percent from net profit each F.Y. in General Reserve Fund is required until it is double to the paid up capital.)

A. १० प्रतिशत
B. १५ प्रतिशत
C. २० प्रतिशत
D. ५० प्रतिशत

६९. नेपाल राष्ट्र बैंकले नेपाल सरकारबाट खरिद गरी आफ्नो स्वामित्वमा लिएको ऋणपत्रको कूल रकम अघिल्लो वर्षको राजस्व आयको ........ प्रतिशत भन्दा बढी हुनुहुँदैन । (The total amount of treasury bills purchased by the Nepal Rastra Bank from Government of Nepal and taken into its ownership shall not be more than ..... percent of the revenue of previous fiscal year.)

A. ५ प्रतिशत
B. १० प्रतिशत
C. २० प्रतिशत
D. ५० प्रतिशत

७०. चालु सम्पत्ति र चालु दायित्वको फरकलाई ..... भनिन्छ । (Different between current assests and current liabilities is known as ..........)

A. चालु अनुपात (Total assets)
B. खुद सम्पत्ति (Net assets)
C. खुद पुँजी (Net Worth)
D. खुद कार्यशील पूँजी (Net Working Capital)

७१. द्रुत अनुपात सुत्रले निम्नमध्ये कुन प्रयोग गर्छ ? (Which of the following does the quick ratio formula use ?)

A. कूल सम्पत्ति (Total assets)
B. नगद (Cash)
C. स्टक (Stock)
D. कूल हालको सम्पत्ति (Total Current assets)

७२. नेपाल राष्ट्र बैंकले आ.व. समाप्त भएको मितिले ४ महिनाभित्रमा देहायकामध्ये कुन विषयमा नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्न अनिवार्य छैन ? (On which subject out of the following is it not compulsory for NRB to submit report to government within four months from the date of the end of fiscal year ?)

A. लेखापरीक्षण
B. वार्षिक गतिविधि
C. आर्थिक तथा वित्तिय अवस्था
D. कारवाही गरिएका बैंकको विवरण

CamScanner

७३. कम्पनिले के उद्देश्यका लागि कोष सङ्कलन गर्दछ ? (For what purpose does company raise funds ?)

A. नयाँ परियोजनाको लागि लगानी
B. विद्यमान परियोजनाको आधुनिकीकरण र विविधिकरण गर्न
C. कार्यशिल पूँजी उद्देश्यका लागि दीर्घकालिन संशाचनहरुको आयोजना गर्न
D. माथिका सबै

७४. तलकामध्ये कुन चाहि वित्तीय शर्त (Terms) होइन ? (Which of the following is not a financial ?)

A. एसिड परिक्षण (Acid Test)
B. डवल फल्ट (Double Fault)
C. कूल नाफा (Gross Profit)
D. ह्रास कट्टी (Depreciation)

७५. तलकामध्ये कुन ग्रस मार्जिन अनुपातसँग मिल्न जान्छ ? (Which of the following best describes the Gross Margin Ratio ?)

A. Leverage ratio
B. Liquidity ratio
C. Coverage ratio
D. Profitability ratio

७६. बैंक तथा वित्तीय संस्थाले आफ्नो वितरणयोग्य खुद आयको कति प्रतिशत रकम मौद्रिक दायित्व कोषमा राख्नुपर्दछ ? (What percentage of its distributable net income should the bank and financial institutions keep in monetary liability fund ?)

A. ३ प्रतिशत
B. ४ प्रतिशत
C. ५ प्रतिशत
D. ६ प्रतिशत

७७. पूँजी कोष भन्नाले (Capital Fund means:)

A. प्राथमिक पूँजी सम्झनुपर्छ
B. पूरक पूँजी सम्झनुपर्छ
C. प्राथमिक पूँजी र पूकर पूँजीको गुणन सम्झनुपर्छ
D. प्राथमिक पूँजी र पूरक पूँजीको योग सम्झनुपर्छ

७८. ग्रामीणमा स्वावलम्बन कोष निर्देशिका, २०६९ बमोजिम कोषको प्राथमिकताका क्षेत्र कुन हो ? (According to Rural Self Reliance Fund Operating manual, 2069 which is the priority sector of the fund ?)

A. राष्ट्रिय योजना आयोगले तोकेको जिल्ला
B. बैंकको कर्जा उपलब्ध हुन नसकेको जिल्ला
C. गैर सरकारी संस्थाहरु नभएको जिल्ला
D. नेपाल सरकारले तोकेको गरिबी परिधिभित्र पर्ने जिल्ला

७९. धितोपत्र बजारमा बुलिस 'Bullish' शब्दले के बुझाउँछ ? (What does the term indicate in capital market ?)

A. सकारात्मक मूल्य गतिविधि
B. नकारात्मक मूल्य गतिविधि
C. तटष्य मूल्य गतिविधि
D. माथिका कुनै पनि होइन

८०. एक वर्षभन्दा कम समयको कारोवार हुने बजार .......... हो । (The market in which securities are traded less than one year is ..........)

A. मुद्रा बजार
B. पूँजी बजार
C. कारोबार बजार
D. विश्व बजार

८१. नेपाल राष्ट्र बैंकले मुलुकको बजारको साख र मौद्रिक स्थिति नियन्त्रण गर्न तलकामध्ये कुन उपकरण अक्सर उपयोग गर्छ (Which of the following tools does Nepal Rastra bank often use to control credit and monetary situations of the markets in the country?)

A. Electronic Clearing Services
B. Real Time Gross Settlements
C. Forward Rate Agreement
D. Cash Reserve Ratio

८२. तलकामध्ये कुन स्रोतबाट कम्पनिहरुले आन्तरिक कोष उठाउँछन् ? (Through which one of the following sources do companies raise internal fund ?)

A. IPO
B. FPO
C. Commercial Papers
D. All of the above

८३. खुला बजार सञ्चालन प्रकृया कुन होइन ? (Which is not an open market operation ?)

A. केन्द्रिय बैंकले पुनः खरिद सम्झौताको रुपमा संचिती लिलाम बढाउन
B. सरकारी धितोपत्र खरिद वा बिक्रि
C. वैदेशिक मुद्रा खरिद वा बिक्रि
D. कर्जा निर्माण

CS CamScanner

८४. 'Bancassurance' भन्नाले के बुफिन्छ ? (What is the meaning of Bancassurance?)

A. बैंकले ग्राहकलाई दिने ग्यारेन्टी
B. बैंकले स्थापना गरेका बिमा कम्पनि
C. वैदेशिक मुद्रा खरिद वा बिक्रि
D. कर्जा निर्माण

८५. तलकामध्ये कुन चाहिँ मुद्रा बजारको औजार होइन ? (Which of the following is not an instrument of money market ?)

A. Commercial Paper
B. Bankers Acceptance
C. Treasury Bills
D. Mortgage

८६. केन्द्रिय प्रवृत्तिको मापन भन्नाले (Measure of central tendency is :)

A. दिएको तथ्याङ्कहरुको उपयुक्त प्रतिनिधित्व गर्ने एउटा तथ्याङ्क पहिचान गर्ने अनुमानित तथ्याङ्क हो ।
B. दिएको फैलावट मान वर्णनात्मक तथ्याङ्कशास्त्र हो ।
C. दिएको तथ्याङ्कको फैलावट पहिचान गर्ने अनुमानिनत तथ्याङ्कशास्त्र हो ।
D. दिएको तथ्याङ्कहरुको उपयुक्त प्रतिनिधित्व गर्ने मान पहिचान गर्ने तथ्याङ्कशास्त्र हो ।

८७. दिइएको तथ्याङ्कबाट उपभोक्ता मूल्य सूचाङ्क गणना गरी सहि उत्तर चयन गर्नुहोस् । (Calculate the consumer price index from the following data and choose the correct answer.)

| Items | Base Year Price (In Rs.) | Current Year Price (In Rs.) | Weight in % |
|---|---|---|---|
| a | 2 | 4 | 40 |
| b | 5 | 6 | 30 |
| c | 4 | 5 | 20 |
| d | 2 | 3 | 10 |

A. 138
B. 145
C. 154
D. 156

८८. यदि $r_{xy}$, x र y विचको हो भने $r^2xy$ लाई के भनेर चिनिन्छ ? (If $r_{xy}$ is the simple correlation coefficient between x and y, what is $r^2xy$ is known as ?)

A. Coefficient of Allienation
B. Coefficient of Determination
C. Coefficient of non-Determination
D. Coefficient of Regression

८९. कुनै आधार वर्षको तुलनामा अहिलेको Price index 240 छ भने मूल्यवृद्धि औषतमा कतिले वृद्धि हुनजान्छ ? (If the price index number in current year is 240 as compared with a base year, then the price will increase on an average by:)

A. 240%
B. 140%
C. 40%
D. 340%

९०. आठ भुजा भएको Octagon मा कतिवटा त्रिभुजहरु बनाउन सकिन्छ ? (How many triangles can be formed in an octagon ?)

A. 326
B. 120
C. 56
D. 76

९१. एक अधिक वर्षमा ५३ आइतबार अथवा ५३ सोमबार हुने सम्भावना कति हुन्छ ? (What is the probability of having 53 sunday or 53 monday in a leap year ?)

A. $\frac{2}{7}$
B. $\frac{3}{7}$
C. $\frac{4}{7}$
D. $\frac{5}{7}$

९२. कुनै निश्चित नम्बर दिइएको तथ्याङ्कका प्रत्येक नम्बरहरुमा थपियो भने परिणाम (मध्यक) कस्तो आउँछ ? (If constant 3 is added to each observation of a set, the mean is:)

A. कुनै असर पर्दैन
B. वास्तविक मध्यकको ३ गुणा हुन जान्छ
C. वास्तविक मध्यकमा ३ थपिन्छ
D. वास्तविक मध्यकको ३ घट्छ

९३. यदि $y = Cos(4e^{2x})$ भए यसको Derivative निकाल्नुहोस् । (If $y = Cos(4e^{2x})$, what is its derivatives ?)

A. $\frac{d^y}{d^x} = 8e^{2x}Sin(4e^x)$
B. $\frac{d^y}{d^x} = 8e^{2x}Sin(4e^{2x})$
C. $\frac{d^y}{d^x} = -8e^{2x}Sin(4e^x)$
D. $\frac{d^y}{d^x} = -8e^{2x}Sin(4e^{2x})$

CS CamScanner

९४. **यदि $y = \sqrt{1-x^2}$ भए $\frac{d^y}{d^x}$ को मान कति हुन्छ ? (If $y = \sqrt{1-x^2}$ then, what is the value of $\frac{d^y}{d^x}$ ?)**

A. $\frac{1}{2}\sqrt{1-2x}$ B. $\frac{1}{2}\sqrt{1-x}$ C. $\frac{x}{\sqrt{1-x^2}}$ D. $\frac{-x}{\sqrt{1-2x^2}}$

९५. **$\int_0^3 4x^3 dx$ को मान कति हुन्छ ? (What is the value of $\int_0^3 4x^3 dx$ ?)**

A. 27 B. 81 C. 324 D. 108

९६. **तल दिइएका कथनहरु मध्ये कुन सहि छ ? (Which of the statements given below is correct ?)**

i. A = {1,3,5} र B = {2,4,7} समतुल्य समूहहरु हुन ।

ii. A = {1,5,9} र B = {1,5,5,9,9} समान समूहहरु हुन् ।

A. (i) मात्र B. (ii) मात्र

C. (C) (i) र (ii) दुवै सहि हुन D. (i) र (ii) दुवै सहि होइनन्

९७. **यदि वर्ग मेट्रिक्स A मा, A को ट्रान्सपोज A को Inverse हुने अवस्थामा A मेट्रिक्सलाई भनिन्छ । (If in a real square matrix A, transpose of A gives the inverse of A, the matrix is called)**

A. Orthogonal B. Identify C. Skew Symmetric D. Symmetric

९८. **यदि $x > 0$, $x^2 = 264$ र $x^3 = 2y$ भए y को मान पत्ता लगाउनुहोस् । (If $x > 0$, $x^2 = 264$ and $x^3 = 2y$, find the value of y.)**

A. $2^8$ B. $2^{64}$ C. $2^{32}$ D. $2^{37}$

९९. **यदि $(x^3-ax^2+2x+a-1)$ को एउटा गुणनदण्ड (x-a) हो भने a को मान कति हुन्छ ? (If (x-a) is a factor of $(x^3-ax^2+2x+a-1)$, then what is the 3 value of a ?)**

A. 2 B. 1/2 C. 3 D. 1/3

१००. **2 र 50 को Proporational mean कति हुन्छ ? (What is the proportional mean between 2 and 50 ?)**

A. 25 B. 10 C. 1/25 D. 100